// नेपाल राजपत्र //

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, वैशाख २४ गते २०५३ साल (अतिरिक्ताङ्क ६ (ख)

# भाग ४

## श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०५२।६।२० र २०५३।१।३ को निर्णयानुसार नेपाल अधिराज्यभित्र रहेका सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई योजनाबद्ध रूपमा बसाउन र विगत वर्षहरूमा जग्गा उपलब्ध गराउने भनी श्री ५ को सरकार (म.प.) को निर्णय भै कार्यान्वयन गर्न बाँकी रहेका कार्य सम्पादन गर्न गराउन देहायबमोजिमको सुकुम्बासी समस्या समाधान आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकारसमेत देहायबमोजिम तोकेको छ ।

१. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आयोगको प्रयोजनको लागि,–

(क) "सुकुम्बासी" भन्नाले जीविकाको लागि कुनै ठोस विकल्प नभएका आफ्नो वा आफ्नो अंशियारको नाममा वा कब्जामा कुनै घर वा जग्गा नभएका वा आफ्नो वा आफ्नो अंशियारको नाममा घर वा जग्गा जोडन सक्ने साधन, स्रोत नभएका भूमिहीन तथा निःसहाय (कृषि), मजदूर, कमैया, हली, हरुवा, चरुवा, आदि) व्यक्ति र दैवीप्रकोपबाट घर जग्गाविहीन हुन पुगेका व्यक्ति एवं निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ ।

(ख) "अव्यवस्थित बसोबासी" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा अन्यत्र कतै घर वा जग्गा भएको वा नभएको सम्वत् २०५१ सालको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्यावधि निर्वाचन हुँदा सम्बन्धित क्षेत्रको मतदाता नामावलीमा आफ्नो नाम समावेश भै निर्वाचनको मितिसम्ममा कुनै सरकारी, पर्ति वा ऐलानी जस्ता जग्गामा घरबास गरी बसेको व्यक्ति सम्झनुपर्छ ।

२. आयोगको गठनः(१) सुकुम्बासी समस्या समाधान आयोगको गठन देहायबमोजिम गरिनेछ :

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति– अध्यक्ष
(ख) श्री ५ को सरकारले तोकेको दुई जना व्यक्ति– उपाध्याक्ष
(ग) श्री ५ को सरकारले तोकेको बढीमा पाँच जना व्यक्ति– सदस्य
(घ) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय– पदेन सदस्य
(ङ) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय– पदेन सदस्य
(च) सचिव, कानून तथा न्याय मन्त्रालय– पदेन सदस्य
(छ) सचिव, गृह मन्त्रालय पदेन सदस्य
(ज) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय पदेन सदस्य
(झ) श्री ५ को सरकारले तोकेको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत– सदस्य-सचिव

(२) आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूले पूरा समय कार्यरत रहनुपर्नेछ ।

(३) आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

३. आयोगको काम, कर्तव्य र अधिकारः (१) सुकुम्बासी तथा अव्यवस्थित बसोबास-को समस्या समाधान गर्नको लागि देहायमा उल्लेखित जग्गाहरू मात्र सम्बन्धित निकायबाट प्राप्त गरी वितरण वा बिक्रीको यथोचित व्यवस्था आयोगले गर्नेछ ।

(क) भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम तोकिएको अधिकतम हदभन्दा बढी भई प्राप्त वा जफत गरिएका जग्गा (मोहियानी लागेको बाहेक) ।

(ख) भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम श्री ५ को सरकारले खास प्रयोजनका लागि भनी अधिकतम हदभन्दा बढी जग्गा राख्न छूट दिएकोमा त्यस्तो छूट पाउने संस्था, उद्योग वा फर्मले त्यस्तो जग्गा घोषित प्रयोजनमा नलगाई अन्य प्रयोजनमा लगाएबाट कानूनबमोजिम फिर्ता लिएको वा जफत गरिएको जग्गा ।

(ग) माल वा मालपोत कार्यालय मातहतमा रहेको सरकारी अमानती जग्गा ।

(घ) बसोबास कार्यक्रमलाई छुट्टयाई पुनर्वास कम्पनीलाई दिएको तर वितरण तथा दर्ता भै नसकेको जग्गा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) विभिन्न विकास आयोजनाहरूलाई उपलब्ध गराइएको जग्गामध्ये त्यस्तो आयोजनाको निमित्त बढी भएको वा प्रयोग नै नभएको जग्गा ।

(च) नदी नियन्त्रण कार्य संचालन भै जग्गा प्राप्त भएकोमा उचित ग्रिनबेल्ट (हरितक्षेत्र) छुट्ट्याई बाँकी रहेको उकास जग्गा ।

(छ) सुकुम्बासी वा अव्यवस्थित बसोबासलाई वितरण वा बिक्री गर्नको लागि श्री ५ को सरकारबाट प्राप्त भएको नापजाँच नभएको श्री ५ को सरकार-को अधिनस्थ जग्गा ।

(ज) निजी नम्बरी जग्गा सरकारी जग्गामा मिसाई पर्ती मिचो घुसाइ खाएकोमा सरकारी जति सम्बन्धित निकायबाट छुट्ट्याई झिकी प्राप्त भएको जग्गा ।

(झ) उपर्युक्तदेखि बाहेक आयोगको उद्देश्य कार्यान्वयनका लागि श्री ५ को सरकारले सुकुम्वासीलाई वितरण गर्न भनी उपलब्ध गराइ दिएको जग्गा ।

(२) माथि उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम बस्ती बसाउन रोक लगाइएको वा बेचबिखन वा वितरण गर्न रोक लगाइएको जग्गा आयोगले वितरण वा बिक्री गर्न सक्ने छैन ।

(३) विगतका वन सुदृढीकरण आयोग, बसोबास समिति, पुनर्वास कम्पनी, झोरासम्बन्धी आयोग, समिति र सुकुम्बासी समस्या समाधान आयोग जस्ता निकायले सुकुम्वासी एवं अव्यवस्थित बसोबासीलाई जग्गा दर्ता गरी दिने सम्बन्धमा कार्यान्वियन हुन बाँकी रहेका कार्य सम्पन्न गर्ने ।

(४) परिवार वा व्यक्ति विशेषलाई जग्गा वितरण वा बिक्री गर्दा जग्गाको हद (क्षेत्रफल) र मूल्य निर्धारण गर्ने ।

(५) आयोगले आयोगका सदस्यहरूमध्येबाट दफा ३ बमोजिम निर्धारण गरेका नीति र क्षेत्राधिकारअन्तर्गत रही काम गर्न एक वा एकभन्दा बढी उपसमिति गठन गर्न सक्नेछ ।

४. <u>उपसमितिको अधिकारः</u> (१) दफा ३ बमोजिम आयोगले निर्धारण गरेको नीति र क्षेत्राधिकार अन्तर्गत रही काम गर्ने गरी दफा ३ को उपदफा (५) बमोजिम गठित उप-समितिलाई स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको अधिकार प्रत्यायोजन गरिएको छ ।

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा (नापजाँच) नियमावली, २०३२ को नियम ३, ८ र १२ बमोजिमको अधिकारीका अधिकारहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र सो को प्रयोजनको लागि मालपोत नियमावली, २०३६ को नियम १६ को उपनियम (१) बमोजिमको समितिको अधिकार,

(ग) अधिकार प्राप्त निकायबाट अनुमति प्राप्त गरेपछि वन ऐन, २०४९ को दफा ३ र ४ अनुसारका अधिकारीको अधिकार,

(घ) भूमिसम्बन्धी ऐन, २०२१ को दफा २१, २१क, २१ख, २२, २४ र २४क को प्रयोजनको लागि भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम २२ अनुसार तोकिएको अधिकारीको अधिकार,

(ङ) झोरा क्षेत्रको जग्गासम्बन्धी ऐन, २०२८ को दफा ४, ५, ७ र ८ को प्रयोजनको लागि श्री ५ को सरकार र तोकिएको अधिकारीको अधिकार र झोरा क्षेत्रको जग्गासम्बन्धी नियमावली, २०२८ को नियम ८ अनुसार भूमि प्रशासकलाई भएको अधिकार,

(च) विगतका वन सुदृढीकरण आयोग, बसोबास समिति, पुनर्वास कम्पनी, झोरासम्बन्धी आयोग, समिति र सुकुम्बासी समस्या समाधान आयोग जस्ता निकायबाट मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) र (२) मा उल्लेख भएका प्रकृतिका जग्गाहरू श्री ५ को सरकार (मं.प.) को निर्णय बेगर वितरण वा बिक्री भए गरेको देखिएमा त्यस्ता काम कारवाहीहरूलाई आयोगको सिफारिशमा मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (३) र (४) बमोजिमको बदर गर्ने अधिकार,

(छ) खण्ड (च) मा उल्लिखित आयोग, समिति वा कम्पनीले आफूलाई प्राप्त अधिकार क्षेत्र बाहिर गई मालपोत ऐन, २०३४ को दफा २६ ले निर्धारित गरेका प्रक्रिया पूरा नगरी काम कारबाही गरेको देखिएमा आयोगको सिफारिशमा सोही ऐनको दफा ३० बमोजिमको जग्गा जफत गर्ने अधिकार,

(ज) यसरी उपरोक्त (च) र (छ) बमोजिम बदर वा जफत भएकोमा साविकमा वितरण वा बिक्री भएको जग्गा वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई नै वितरण वा बिक्री भएको पाइएमा सुकुम्बासी समस्या समाधान समितिको सिफारिशमा यथासम्भव नियमित गरिदिने र दफा ३ को उपदफा (२) बमोजिमको जग्गा भै नियमित गर्न नसकिने भएमा सुकुम्बासी समस्या समाधान समितिको सिफारिशबमोजिम अन्यत्र जग्गा उपलब्ध गराइ पुनः व्यवस्थित गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) साबिकमा विविध कारणवश जग्गा सट्टाभर्ना दिने शर्तमा अधिग्रहण गरी वा नगरी श्री ५ को सरकारले बस्ती उठाएकोमा ती व्यक्तिहरूलाई जग्गा सट्टा भर्ना दिन भएको शर्तअनुसार आयोगको सिफारिशमा जग्गा दिने अधिकार,

(२) एकभन्दा बढी उप-समिति गठन भएकोमा दोहोरो नपर्ने गरी उक्त अधिकारहरू आयोगले उप-समितिहरूलाई पृथक् गरी तोकि दिनेछ ।

५. अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको अधिकार आयोगले तोकेबमोजिम हुनेछ ।

६. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः (१) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले आयोगको बैठकको अध्यक्षता गर्नेछ ।

(२) आयोग वा अध्यक्षबाट प्रत्यायोजन भएका अधिकारहरूको प्रयोग उपाध्यक्षबाट हुनेछ ।

७. सुकुम्बासी समस्या समाधान समितिको गठनः (१) सुकुम्बासी समस्या समाधान गर्न वा अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नका लागि एक वा एकभन्दा बढी जिल्लाको कार्य हेर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आवश्यकतानुसार देहायबमोजिमको सुकुम्बासी समस्या समाधान समितिको गठन गर्नेछ ।

(क) भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको व्यक्ति– संयोजक

(ख) भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको बढीमा चार जना व्यक्ति– सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी– पदेन सदस्य

(घ) सम्बधिन्त जिल्लाको माल वा मालपोत कार्यालयको प्रमुख– पदेन सदस्य

(ङ) सम्बन्धित जिल्लाको वन अधिकृत– पदेन सदस्य

(च) सम्बन्धित जिल्लाको आवास तथा शहरी विकास शाखा प्रमुख– पदेन सदस्य

(छ) सम्बन्धित जिल्लाका नापी गोश्वारा वा नापी कार्यालय वा नापी शाखाको प्रमुख– पदेन सदस्य

(ज) जिल्ला विकास समितिको प्रतिनिधि– सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सम्बन्धित जिल्लाको भूमिसुधार अधिकारी वा सो नभएको जिल्लामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको अधिकृत— सदस्य–सचिव

(२) जिल्लाका माननीय सांसद सदस्यहरूमध्येबाट प्रत्येक बैठकमा वर्णानुक्रमानुसार एकजना सदस्यलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) यस्तो सुकुम्बासी समस्या समाधान समितिले आफ्नो जिल्लाभित्र रहेको सुकुम्बासी एवं अव्यवस्थित बसोवासोको पहिचान गरी दफा ३ मा उल्लिखित जग्गा वितरण वा बिक्री गर्नको लागि आयोगको उप-समितिसमक्ष सिफारिश गर्नेछ ।

(४) सुकुम्बासी समस्या समाधान समितिले उप-दफा (३) बमोजिमको सिफारिश गर्दा आवश्यक देखेमा स्थानीय व्यक्तिको प्रतिनिधित्व हुने गरी स्थलगत सहयोग समितिको गठन गर्न सक्नेछ ।

८. सुकुम्बासी समस्या समाधान समितिको सिफारिशबमोजिम आयोगको उप-समितिले सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्ने वा जग्गा उपलब्ध गराउने निर्णय गर्नेछ ।

९. दफा ४ र ८ बमोजिम आयोगको उप-समितिले गरेका निर्णय कार्यान्वयनको लागि सम्बन्धित सुकुम्बासी समस्या समाधान समितिमा पठाइने छ र यस्तो निर्णयको कार्यान्वयन गर्न जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ८ को उपदफा (१) बमोजिम नापी अधिकृत वा माल वा मालपोत अधिकृतलाई भएको अधिकार प्रयोग गरी सुकुम्बासी समस्या समाधान समितिको सदस्य सचिवलाई जग्गाधनी दर्ताश्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा तयार गर्न तोकिएको छ । यसरी तयार भएका जग्गाको पूर्जाहरू आयोगको उप-समितिबाट सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई वितरण भएपछि एक महिनाभित्र जग्गाधनी दर्ताश्रेस्ताको लगत सम्बन्धित माल वा मालपोत कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ ।

१०. आयोगबाट सुकुम्बासीलाई वितरण गरेको जग्गा वा अव्यवस्थित बसोबासोको लागि मूल्य लिई वा नलिई उपलब्ध गराएको जग्गाको हक हस्तान्तरण, बेच-बिखन गर्न वा कुनै किसिमको दान, दातव्य वा धितो बन्धक राख्न कम्तीमा १० वर्षसम्म पाइने छैन । तर कुनै औद्योगिक वा कृषि व्यवसाय गर्नको लागि कुनै वित्तीय संस्था वा बैंकमा धितो राखी ऋण सापटी लिन कुनै बाधा पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. बजेटः आयोगको कामको लागि श्री ५ को सरकारबाट प्राप्त बजेटको अधीनमा रही खर्चको बाँडफाँड आयोग स्वयंले गर्नेछ ।

१२. आयोगको कार्यावधिः आयोगको कार्यावधि काम प्रारम्भ भएको मितिले १ वर्षको हुनेछ ।

१३. श्री ५ को सरकारसंगको सम्पर्कः– आयोगको सम्पर्क मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय हुनेछ ।

१४. सचिवालयः आयोगको एक छुट्टै सचिवालय हुनेछ । आयोगको सदस्य-सचिवले सचिवालयको दैनिक कार्य सञ्चालन गर्नेछ । आयोगको निर्णय कार्यान्वयनलगायत आयोगको अन्य कार्य सम्पादन गर्ने जिम्मेवारी निजको हुनेछ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०५३।१।३ को निर्णयानुसार सुकुम्बासी समस्या समाधान आयोगको अध्यक्षको काम हाललाई भूमिसुधार तथा व्यवस्था मन्त्रीले गर्ने गरी तोकेको छ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको सचिव

४६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।